# छैटौँ अध्याय

## ६. उपसंहार एवम् निष्कर्ष

### ६.१ उपसंहार

'नेपाली ऋतु काव्यहरूको परिवेशपरक अध्ययन'-विषयमाथि गरिएको यस शोध कार्यमा चेरिल गटफेल्टी र हेरोल्ड फ्रोर्मद्वारा प्रतिपादित 'परिवेश विमर्श'-को अवधारणालाई आधार गरेर मूलतः लेखनाथ पौड्यालको 'ऋतुविचार', मोहन कोइरालाको 'ऋतु-निमन्त्रण' र मनप्रसाद सुब्बाको 'ऋतु क्यान्भसमा रेखाहरू' कविता सङ्ग्रहको अध्ययन गरिएको छ। यस शोध कार्यलाई मोठ छवटा अध्यायमा विभाजन गरिएको छ जसमा पहिलो अध्यायमा शोध कार्यको परिचय राखिएको छ। पहिलो अध्यायमा जम्मा एघारवटा उपशीर्षकहरू छन्। ती हुन् (१) शोध शीर्षक, (२) शोधको प्रयोजन, (३) समस्या कथन, (४) शोध कार्यको उद्देश्य, (५) शोध कार्यको औचित्य, (६) शोध कार्यको सीमा र क्षेत्र, (७) शोधको सामग्री स्रोत, (८) शोधविधि, (९) सैद्धान्तिक ढाँचा वा विश्लेषण विधि, (१०) पूर्वकार्यको सर्वेक्षण, (११) शोध कार्यको प्रारूप। यस अध्यायमा शोध कार्यको उद्देश्य र प्रयोजनको चर्चा गर्दै नेपाली साहित्यमा परिवेश विमर्शको अध्ययन के कस्तो रूपमा भएको छ भन्ने विषयको समीक्षात्मक सर्वेक्षण गरिएको छ।

यस शोध कार्यको दोस्रो अध्यायमा 'नेपाली साहित्यमा प्रकृति चिन्तन परम्परा' शीर्षकअन्तर्गत चारवटा उपशीर्षक राखिएका छन्। ती उपशीर्षकहरू हुन्- (१) नेपाली ऋतु काव्यको परम्परा, (२) प्रकृति सङ्कट र नेपाली परिवेश काव्य, (३) नेपाली परिवेश काव्यको स्वरूप र यसको विश्लेषण, (४) निष्कर्ष। यस अध्यायमा नेपाली साहित्यमा ऋतु कविता लेखनको परम्परा कहिलेदेखि सुरु भयो अनि यसको विकासको क्रम र प्रक्रिया कस्तो रहेको छ भन्नेबारे अध्ययन गरिएको छ। त्यसका साथै नेपाली लोकमा रहेका लोक गीत, लोक कविता, बाह्रमासा, बाह्रमासेबारे अध्ययन गर्दै यिनलाई ऋतु कविता भन्न सकिन्छ वा सकिँदैन भन्नेबारे चर्चा गरिएको छ। यस अध्यायमा नेपाली ऋतु काव्य लेखन परम्पराबारे चर्चा गर्ने क्रममा ऋतु कविता र परिवेश कविताबिचका भेद र समानताबारे पनि चर्चा गरिएको छ।

शोध कार्यको तेस्रो अध्यायको शीर्षक 'परिवेश विमर्शका दृष्टिले 'ऋतुविचार' खण्डकाव्य'-को अध्ययन' राखिएको छ। यसका पनि सातवटा उपशीर्षकहरू छन्। ती हुन् (१) कवि लेखनाथ पौड्यालको सङ्क्षिप्त परिचय, (२) 'ऋतुविचार' खण्डकाव्य, (३) 'ऋतुविचार' खण्डकाव्यमा परिवेश दर्शन, (४) 'ऋतुविचार' खण्डकाव्य र परिवेश-धर्मविद्या, (५) 'ऋतुविचार' खण्डकाव्यमा हरित आध्यात्मिकता, (६) परिवेश काव्यका रूपमा 'ऋतुविचार' खण्डकाव्य, (७) निष्कर्ष। यस अध्यायमा लेखनाथ पौड्यालको सङ्क्षिप्त परिचय दिँदै 'ऋतुविचार' खण्डकाव्यलाई परिवेश दर्शनको परिप्रेक्ष्यबाट अध्ययन गरिएको छ। परिवेश दर्शन दर्शनशास्त्रको नवीन विषय हो। यसले प्रकृतिको सङ्कटलाई दार्शनिक दृष्टिकोणबाट विश्लेषण गर्दछ। यस अध्यायमा परिवेश दर्शनको यही दृष्टिकोणका आधारमा 'ऋतुविचार' खण्डकाव्यको अध्ययन गरिएको छ। परिवेश दर्शनका साथै यस काव्यलाई परिवेश धर्मविद्याको सिद्धान्तका आधारमा पनि अध्ययन गरिएको छ। लेखनाथ पौड्यालले 'ऋतुविचार' खण्डकाव्यमा प्रकृतिको आन्तरिक गुणको विश्लेषण गरेका छन्। तसर्थ, यस काव्यमा परिवेश धर्मविद्याका सैद्धान्तिक कुराहरू निहित छन् भन्ने विषयको निक्यौंल गरी हरित चेतना र हरित आध्यात्मिकताको सन्दर्भ लिएर यस खण्डकाव्यलाई परिवेश काव्यको रूपमा अध्ययन गरिएको छ।

यस शोध कार्यको चौथो अध्यायको शीर्षक 'परिवेश विमर्शका दृष्टिले 'ऋतु-निमन्त्रण' कविता सङ्ग्रह-को अध्ययन' रहेको छ। यस अध्यायमा सातवटा उपशीर्षकहरू राखिएका छन्। ती हुन् (१) कवि मोहन कोइरालाको सङ्क्षिप्त परिचय, (२) 'ऋतु-निमन्त्रण' कविता सङ्ग्रहको परिचय, (३) 'ऋतु-निमन्त्रण' कविता सङ्ग्रह र पारिस्थितिकी, (४) 'ऋतु-निमन्त्रण' कविता सङ्ग्रह र गहन पारिस्थितिकी, (५) गाया अनुकल्पना र ऋतुनिमन्त्रण, (६) परिवेश काव्यका रूपमा 'ऋतु-निमन्त्रण' कविता सङ्ग्रहको स्वरूप र मूल्य, (७) निष्कर्ष। यस अध्यायमा मोहन कोइरालाको परिचय र 'ऋतु-निमन्त्रण' कविता सङ्ग्रहको परिचय दिँदै यसभित्रका कवितामा पाइने प्रकृतिकेन्द्री विचारहरूको समीक्षात्मक अध्ययन गरिएको छ। मोहन कोइरालाका धेरैवटा कविताहरू प्रकृतिकेन्द्रित छन्। उनले प्रकृतिको आन्तरिक पारिस्थितिकी र गुणलाई अध्ययन गरेर आफ्ना कवितामा अभिव्यक्त गरेका छन्। उनलाई प्रकृतिको सन्तुलन नै पारिस्थितिकीको सन्तुलन हो भन्ने ज्ञान थियो। त्यसैले 'ऋतु-निमन्त्रण' कविता सङ्ग्रहमा पारिस्थितिकीका कुराहरू रहेका छन्। यस अध्यायमा

'ऋतु-निमन्त्रण' कविता सङ्ग्रहलाई पारिस्थितिकीय परिप्रेक्ष्यबाट अध्ययन गरिएको छ। मूलतः यस सङ्ग्रहका कवितालाई आध्यात्मिक र वैज्ञानिक दुवै दृष्टिकोण र सिद्धान्तका आधारमा अध्ययन गरिएको छ जसमा गाया अनुकल्पना र पारिस्थितिकीय प्रणालीका विषयहरू परेका छन्। पारिस्थितिकीका दृष्टिले अध्ययन गर्दा यस सङ्ग्रहका कविताहरू सतही पारस्थितिकीभन्दा गहन पारिस्थितिकीमा अधिक आधारित रहेको पाइएको हुनाले यस अध्यायमा गहन पारिस्थितिकीको चर्चा गरिएको छ। यसरी 'ऋतु-निमन्त्रण'-लाई परिवेश काव्यका रूपमा अध्ययन गरिएको छ।

यस शोध कार्यको पाँचौँ अध्यायको शीर्षक 'परिवेश विमर्शका दृष्टिले 'ऋतु-क्यान्भसमा रेखाहरू' कविता सङ्ग्रहको अध्ययन' रहेको छ। यस अध्यायमा पनि सातवटा उपशीर्षकहरू राखिएका छन्। ती हुन् (१) कवि मनप्रसाद सुब्बाको सङ्क्षिप्त परिचय, (२) 'ऋतु-क्यान्भसमा रेखाहरू' कविता सङ्ग्रह, (३) 'ऋतु-क्यान्भसमा रेखाहरू' र प्रकृति लेखन, (४) 'ऋतु-क्यान्भसमा रेखाहरू' र सांस्कृतिक पारिस्थितिकी, (५) 'ऋतु-क्यान्भसमा रेखाहरू' र पर्यावरण नारीवाद, (६) परिवेश काव्यका रूपमा 'ऋतु-क्यान्भसमा रेखाहरू', (७) निष्कर्ष। यस अध्यायमा मनप्रसाद सुब्बा र उनका कृतिहरूको सङ्क्षिप्त परिचय दिँदै 'ऋतु-क्यान्भसमा रेखाहरू' कविता सङ्ग्रहका कवितामा प्रकृति लेखनबारे अध्ययन गरिएको छ। प्रकृति लेखन परिवेश विमर्शको केन्द्रीय अवधारणा हो। यसले प्रकृतिको बाह्य अनि आन्तरिक सङ्कटको अध्ययन गर्दछ। प्रकृतिमा देखा परेका विपद्, पारिस्थितिकीको असन्तुलन, प्रदूषणको मात्रा बढ्नु, ओजोन तहमा प्वाल पर्नु जस्ता समस्याहरूका कारण र तिनको निवारणका विषयहरू प्रकृति लेखनका अङ्ग हुन्। यसै कुराको आधार लिएर 'ऋतु क्यान्भसमा रेखाहरू' कविता सङ्ग्रहको अध्ययन गरिएको छ। त्यसका साथै मनप्रसाद सुब्बाका कविताहरूमा जाति र लोक संस्कृतिका विविध विषयहरू अभिव्यक्त भएका हुन्छन्। 'ऋतु-निमन्त्रण' कविता सङ्ग्रहमा पनि लोक संस्कृतिका विविध विषयहरू परेका छन्। मूलतः यसमा प्रदूषण, औद्योगिक विकास र यान्त्रिक आविष्कारका कारणले ऋतुहरूमा आएको परिवर्तनको प्रभाव लोक संस्कृति र मानवीय क्रियामा पनि पर्ने हुनाले ती प्रभावहरूको सङ्केत यस सङ्ग्रहमा देखाइएको छ।

परिवेश नारीवादले नारी पुरुषभन्दा प्रकृतिसँग धेर नजिक हुन्छन् भन्ने मान्छ। यस कविता सङ्ग्रहमा पनि प्रकृति र नारीको घनिष्ट सम्बन्ध देखाइएको छ साथै यस सङ्ग्रहमा ऋतुलाई नारीको प्रतीकका रूपमा

पनि प्रस्तुत गरिएको छ। त्यसैको आधारमा 'ऋतु क्यान्भसमा रेखाहरू' कविता सङ्ग्रहलाई परिवेश नारीवादी दृष्टिकोणबाट पनि अध्ययन गरिएको छ। यी सबै विषयहरू परिवेश विमर्शअन्तर्गत पर्ने हुनाले यस कविता सङ्ग्रहलाई परिवेश काव्यका रूपमा अध्ययन गरिएको छ।

तेस्रो, चौथो अनि पाँचौँ अध्याय यस शोध कार्यका केन्द्रीय अध्यायहरू हुन्। यी प्रत्येक अध्यायमा क्रमैसित एकएकवटा कविता सङ्ग्रहभित्रका ऋतु कविताहरूको अध्ययन गरिएको छ। यी तीनैवटा अध्यायका लागि चयन गरिएका कविता सङ्ग्रहलाई नेपाली साहित्यका प्रतिनिधि ऋतु काव्य मान्न सकिन्छ। कविहरूका आआफ्ना युग र समय-परिप्रेक्ष्यअनुरूप लेखिएका यी ऋतु काव्यमा आफ्ना युगका दृष्टिकोणअनुसार ऋतुहरूको वर्णन र चिन्तन गरिएको छ। प्रकृति चिन्तन यी तीनैवटा काव्यको केन्द्रीय विषय बनेको देखिन्छ। लेखनाथ पौड्याल माध्यमिक काल र नीतिकालका कवि थिए। त्यसैले उनको 'ऋतुविचार'-मा माध्यमिक कालीन प्रभाव र नीतिकालीन विचारधाराका सङ्केत पाइन्छन्। शास्त्रीयता र उपदेशमूलक विषयहरूको सङ्गम यस काव्यमा पाइन्छ भने कति ठाउँ विज्ञानको उन्नतिले समाजमा ल्याएको विसङ्गतिका कुराहरू पनि वर्णन गरिएको पाइन्छ। यस काव्यमा ऋतुहरूको वर्णन एक पक्ष हो भने ती ऋतुहरूको आध्यात्मिक चिन्तन अर्को पक्ष हो। यस काव्यमा ऋतुहरूको सन्दर्भबाट भौतिक प्रकृति र मूल प्रकृति (आध्यात्मिक)-को कलात्मक वर्णन गरिएको छ। 'ऋतुविचार'-को मूल आधार आध्यात्मिकता रहेको देखिन्छ। त्यसैले लेखनाथ पौड्याल मानिसमा 'हरित आध्यात्मिकता' अथवा 'हरित चिन्तन'-को चेतना जाग्नु पर्छ भन्ने विचार राख्छन्। हरित आध्यात्मिकताले व्यक्तिको चेतनालाई शुद्ध पार्दछ र प्रकृतिलाई हेर्ने उसको दृष्टिकोणमा परिवर्तन आउँदछ अनि मात्र प्रकृति सुरक्षित हुन सक्छ भन्ने लेखनाथको विचार देखिन्छ।

मोहन कोइराला आधुनिक कवि थिए। उनी नेपाली साहित्यको कविता विधामा आधुनिक विचारधारा र नवीन शैली लिएर आए। नेपाली साहित्यका कतिपय समालोचकहरूले उनलाई नेपाली साहित्यको पहिलो आधुनिक कवि भनेर सम्बोधन पनि गरेका छन्। उनका कविताका शैली, विचार, भाव, इतिवृत्त, अभिव्यक्ति आदि आधुनिक परिपाटीका देखिन्छन्। मोहन कोइरालाका ऋतु कवितामा आधुनिक युगमा प्रकृतिको शोषण र पर्यावरण प्रदूषणका सङ्केतहरू पाइन्छन्। उनले आफ्नो कविता सङ्ग्रह 'ऋतु-निमन्त्रण'-मा प्रकृतिको आन्तरिक पारिस्थितिकी अथवा गहन पारिस्थितिकी र सतही पारिस्थितिकीको चर्चा

गरेका छन्। कोइरालाको यस सङ्ग्रहमा ऋतु परिवर्तनका कारण र त्यसका प्रभावले मानवीय जीवनमा परेका प्रभावहरू अनि ऋतु परिवर्तनमा मानिसका अनैतिक कार्यहरू उत्तरदायी रहेको कुराबारे चर्चा गरिएको पाइन्छ।

'ऋतु-निमन्त्रण'-को अध्ययन गर्दा मोहन कोइरालामा पूर्वीय दर्शन र पर्यावरणवादबारे राम्रो ज्ञान भएको थाहा लाग्दछ। उनले यस सङ्ग्रहमा दुवै विषयलाई सन्तुलित ढङ्गमा प्रस्तुत गरेका छन्। प्रकृति सुरक्षाका लागि मूलतः मानिसले आफ्नो नैतिकतामा परिवर्तन ल्याउनु पर्ने र चेतनालाई शुद्ध पार्नु पर्ने कुरामा जोड दिएका छन्। 'ऋतु-निमन्त्रण' कविता सङ्ग्रह पारिस्थितिकीमा केन्द्रित छ। 'ऋतुचक्र' शब्द उनले आफ्ना कवितामा धेरै ठाउँ उल्लेख गरेका छन्। यो वास्तवमा पारिस्थितिकीको सङ्केतक हो। पृथ्वीको गतिमा ऋतुहरू परिवर्तन हुन्छन् र ऋतुहरू परिवर्तन हुँदा मानव र मानवेतर प्राणीहरूमा प्रभाव पर्दछ। त्यसैले यी सबै आपस्तमा सम्बद्ध विषयहरू हुन् भन्ने विचार उनका कवितामा अभिव्यक्त भएको पाइन्छ।

मनप्रसाद सुब्बा नेपाली साहित्येतिहासको आधुनिक कालदेखि कविता लेखन सुरु गरेर उत्तरआधुनिक कालमा पनि आफ्नो कलम चलाइरहेका कवि हुन्। उनका कवितामा आधुनिक र उत्तरआधुनिक विचार धाराको प्रभाव देखिन्छ। आफ्नो जाति र माटोको पीडाबारे कविता लेख्ने मनप्रसाद सुब्बाले 'म मानिसको आन्तरिक पाशविकतालाई कवितामा लेख्छु' भनेर आफ्नो 'आदिम बस्ती' कविता सङ्ग्रहको भूमिकामा लेखेका छन्। मानिसको आन्तरिक पाशविकता वा आदिम प्रवृत्ति भन्नाले प्राकृतिक गुण बुझिन्छ। त्यसैले मानिस प्रकृतिको अंश हो र ऊ प्रकृतिमा नै निर्भर रहन्छ भन्ने विचार उनको 'ऋतु-क्यान्भसमा रेखाहरू' कविता सङ्ग्रहमा अभिव्यक्त भएको पाइन्छ। 'ऋतु-क्यान्भसमा रेखाहरू' कविता सङ्ग्रहमा मानिसलाई जीवन जिउने प्रेरणा, जिजीविषा, सङ्घर्ष गर्ने प्रवृत्ति प्रकृतिबाट नै प्राप्त हुन्छ साथै जस्तै परिस्थितिमा पनि ऊ आफ्नो व्यवहारलाई प्रकृतिअनुरूप नै ग्रहण गर्दै जान्छ भन्ने विचार देखिन्छ। प्रकृति र नारीका वाह्य अनि आन्तरिक गुणको तुलनात्मक प्रस्तुति यस कविता सङ्ग्रहमा देखिन्छ। कति ठाउँ कविताहरू व्यक्तिकेन्द्रित देखिए तापनि वास्तवमा ती कविताहरू मानिसको आन्तरिक प्रवृत्तिका कविताहरू हुन्। तसर्थ, यस सङ्ग्रहमा व्यक्त विचारहरू प्रकृतिकेन्द्रित विचारहरू नै हुन्।

छैटौँ अध्याय यस शोध कार्यको अन्तिम अध्याय हो। 'उपंसहार एवम् निष्कर्ष' शीर्षकको यस अध्यायमा सम्पूर्ण शोध कार्यको सार रूप राखिएको छ। यस अध्यायमा शोधका प्राप्ति र उपलब्धिहरू सङ्गठित ढङ्गमा प्रस्तुत गरिएको छ।

## ६.२ निष्कर्ष

'नेपाली ऋतु काव्यहरूको परिवेशपरक अध्ययन'- विषयमाथि गरिएको यस शोध कार्यमा नेपाली साहित्यमा ऋतु काव्य लेखन परम्परा र विकासबारे अध्ययन गर्दै नेपाली कवितामा प्रकृति चिन्तनबारे अध्ययन गरिएको छ। यस अध्ययनका लागि 'मिश्रित शोधविधि'-को प्रयोग गरिएको छ जसअन्तर्गत परिवेश विमर्शको सिद्धान्त र मान्यताहरूको आधार गरेर नेपाली ऋतु काव्यहरूको अध्ययन गरिएको छ। यस शोध कार्यमा नेपाली साहित्यमा लेखिएका ऋतु काव्यहरूमध्ये लेखनाथ पौड्यालको 'ऋतुविचार', मोहन कोइरालाको 'ऋतु-निमन्त्रण' र मनप्रसाद सुब्बाको 'ऋतु क्यान्भसमा रेखाहरू'-लाई प्रतिनिधि ऋतु काव्यका रूपमा ग्रहण गरिएको छ। यी काव्यहरूलाई नेपाली साहित्यका प्रतिनिधि ऋतु काव्य मान्नाका कारणहरू यसप्रकार छन्-

(क) यी काव्यहरूभन्दा अघि लेखिएका ऋतु विषयका कवितामा प्रेमिका वा सुन्दरीको रूप वर्णन, प्रेम प्रसङ्ग, रति भावका कुरालाई विशेष जोड दिनका लागि ऋतुहरूको प्रयोग गरिएको पाइन्छ।

(ख) कुनै पर्व वा खेत रोपाइ गर्दा गाइने गीतमा प्रसङ्ग मिलाएर ऋतुहरूको वर्णन गरिएको पाइन्छ।

(ग) ऋतु वर्णनकै कविताहरू भए तापनि त्यहाँ प्रकृतिको सुन्दरता, ऋतुहरूमा फुलेका फुल, फलेका फल, प्रकृतिको प्रशंसा आदि विषयहरू धेर रहेका पाइन्छन्।

(घ) लेखनाथ पौड्यालको 'ऋतुविचार'-मा प्रकृतिको सुन्दरता, ऋतुहरूको वर्णनका साथै ऋतुबारे गहन रूपमा चिन्तन गरिएको छ। यस काव्यमा ऋतुहरूको प्रकार्य र आन्तरिक गुणलाई कवितात्मक रूपमा व्यक्त गरिएको छ।

(ङ) मोहन कोइरालाको 'ऋतु-निमन्त्रण' कविता सङ्ग्रहमा ऋतुहरूको वर्णनसँगै प्रकृतिको शक्ति र पारिस्थितिकीबारे वर्णन गरिएको छ।

(च) मनप्रसाद सुब्बाको 'ऋतु-क्यान्भसमा रेखाहरू' कविता सङ्ग्रहमा ऋतुहरूको वर्णन र ती ऋतुहरूमा जीवन परिक्रमको गतिविधिबारे चर्चा गरिएको छ। ऋतुचक्रले संस्कृतिमा ल्याउने परिवर्तनका कुराहरू पनि राखिएका छन्।

यी सबै विषयहरूको अध्ययन गरेपछि उपर्युक्त कविहरूका रचनालाई नेपाली साहित्यका प्रतिनिधि ऋतु काव्य मानिएको हो। नेपाली ऋतुकाव्य र परिवेश विमर्शको मान्यतालाई केन्द्रमा राखेर यस शोध कार्य गरिएको हुँदा ऋतुहरूको वर्णन सँगसँगै प्रकृतिको चिन्तन, पारिस्थितिकीको वर्णन, पर्यावरणप्रतिको सचेतता र प्रदूषणका कारण र निवारणबारे पनि चर्चा गरिएको काव्यलाई परिवेश काव्य हो भन्ने यस शोधको निष्कर्ष हो। सामान्य रूपमा ऋतुहरूको वर्णन गर्दा मात्रै पनि पारम्परिक कथनमा ऋतु काव्य भन्न सकिन्छ तर ऋतुहरूको वर्णनसँगै प्रकृति पनि उद्दीपनका रूपमा मात्र प्रस्तुत भएको छ भने त्यसलाई परिवेश काव्य भन्न सकिँदैन।

नेपाली साहित्यमा लेखिएका जति ऋतु काव्यहरू छन् ती सबै एकत्रित गर्न असम्भव थियो। अनुसन्धान कार्यमा आइपर्ने कतिपय अकादमीय नियम पालन गर्नु पर्ने हुनाले सबै ऋतुकाव्यहरू यस शोधमा समावेश गर्न सकिएन यद्यपि यस शोध कार्यमा धेरै ऋतु काव्यहरूको चर्चा गरिएको छ। यस शोध कार्यको दोस्रो अध्यायमा नेपाली साहित्येतिहासको माध्यमिक कालमा लेखिएका ऋतु कविताहरूको चर्चा गर्दै साहित्येतिहासको आधुनिक कालमा लेखिएका ऋतु कविताहरूको विश्लेषण गरिएको छ। यसरी अध्ययन गर्दा साहित्यमा परिवेश विमर्शको अवधारणाले सैद्धान्तिक रूप पाउन अघिदेखि नै नेपाली साहित्यमा प्रकृति चिन्तनका कविताहरू सिर्जना भइसकेका थिए साथै अझै सिर्जना भइरहेका छन् भन्ने थाहा लाग्दछ।

भारतीय काव्यशास्त्र मूलतः अध्यात्म दर्शनमा आधारित छ। नेपाली साहित्यले आजसम्म भारतीय काव्यशास्त्रीहरूका विचारधारा र दर्शन नै स्वीकार गर्दै आएको देखिन्छ। नेपाली साहित्यको केन्द्रमा पनि अध्यात्मिकता रहेको छ। सनातन धर्म र दर्शनको प्रभाव नेपाली समाज र साहित्यमा रहेको देखिन्छ, तसर्थ त्यही दर्शनका आधारमा नेपाली साहित्येतिहासको प्राथमिक र माध्यमिक कालसम्मका काव्य कविताहरू आध्यात्मिक विचार धारामा केन्द्रित पाइन्छ। तथापि, नेपाली साहित्यले पाश्चात्य दर्शनका विविध पक्ष पनि ग्रहण गरेको छ। तर नेपाली कवितामा ऋतुहरूलाई हेर्ने दृष्टिकोण मूलतः अध्यात्म चेतनाद्वारा प्रभावित रहेको यस शोध कार्यको निष्कर्ष छ। प्रकृतिलाई माता वा आमाको रूपमा हेर्ने सनातन संस्कार नेपाली कविहरू

रहेको देखिन्छ। प्रकृतिको सङ्कट नै आफ्नो अस्मिताको सङ्कट भन्ने ज्ञान नेपाली कविहरूमा रहेको उनीहरूका कविताबाट थाहा लाग्दछ। यस शोध कार्यका लागि चयन गरिएका नेपाली काव्यहरू पूर्ण रूपले ऋतु काव्य हुन्। त्यसका साथै परिवेश विमर्शका मान्यताहरूका आधारमा अध्ययन गर्दा यी काव्यहरूमा परिवेश विमर्शका मान्यताहरू देखिन्छ। यी काव्यहरूमा प्राकृतिक सङ्कट र प्रदूषणका विषयहरूको उठान गरिएको छ साथै प्रकृति सुरक्षा र पारिस्थितिकीको सन्तुलनमा मानिसको भूमिकाबारे पनि चर्चा गरिएको छ। भौतिकवादी दृष्टिकोण र अध्यात्मवादी दृष्टिकोणले प्रकृतिको विश्लेषण गर्दै सांस्कृतिक पारिस्थितिकी, गहन पारिस्थितिकी, हरित आध्यात्मिकता, परिवेश दर्शन, परिवेश नारीवाद आदि विषयहरूको सङ्केत पनि यस काव्यमा पाइन्छ। यस शोध कार्यबाट प्राप्त उपलब्धिहरू बुँदागत रूपमा यसरी राख्न सकिन्छ-

- ❖ नेपाली साहित्यमा ऋतु काव्यहरू लेखिन अघि नै लोकमा ऋतु विषयका गीत र कविताहरू गाइन्थ्यो। पर्व गीत र बाह्रमासाहरूमा ऋतुहरूको वर्णन पाइन्छ।
- ❖ नेपाली साहित्येतिहासको स्तवनकालदेखि नै ऋतु कविताहरू लेखिएको पाइन्छ। माध्यमिक कालमा आएर यसको विकास भएको देखिन्छ यद्यपि यस कालका कविताहरूमा ऋतु वा प्रकृति प्रेम-विलास, रति आदि विषयको प्रतीकका रूपमा धेरै प्रयोग भएको पाइन्छ।
- ❖ नेपाली सवाई अनि लहरीमा ऋतुहरूको प्रसङ्ग कम देखिए तापनि प्रकृतिपरक विचारहरू अभिव्यक्त भएको पाइन्छ।
- ❖ लेखनाथ पौड्यालको 'ऋतुविचार' प्रकाशित भएपछि ऋतु काव्यमा नयाँ विचारधारा थपिएको देखिन्छ जसमा केवल ऋतुहरूको वर्णनमात्र नभएर प्रकृतिकेन्द्री विचारहरू अभिव्यक्त हुन थालेको देखिन्छ।
- ❖ नेपाली साहित्यमा आधुनिक युगको आरम्भ भएपछि प्रकृति प्रेम, दुख, हर्ष, विलास, जीवन आदिका प्रतीकमात्र बनेर रहेन। प्रकृतिले वास्तविक रूपमा भोगिरहेका शोषणहरू कवितामा व्यक्त हुन थालेको देखिन्छ।
- ❖ नेपाली साहित्यको आधुनिक युगदेखि नै प्रकृतिकेन्द्री अथवा पर्यावरणकेन्द्री कविताहरू सिर्जना हुन थालेको देखिन्छ।

- ❖ नेपाली कविहरूले पारिस्थितिकी र पर्यावरण प्रदूषणप्रति गम्भीर भएर चिन्तन गर्न थालेको देखिन्छ।
- ❖ मूलतः नेपाली कविहरूले साहित्येतिहासको स्तवनकालदेखि नै ऋतु वा प्रकृतिका कविताहरू लेख्न थालेका हुन्, तर पर्यावरणप्रति सचेत कविताहरू नेपाली साहित्येतिहासको माध्यमिक कालदेखि लेखिएको देखिन्छ। परिवेश विमर्शको अवधारणा नब्बेको दशकदेखि मात्र आएको हुनाले ती कविताहरूको परिवेशपरक पठन नेपाली साहित्यमा एकाइसौँ शताब्दीको पहिलो दशकदेखि हुन थालेको देखिन्छ।
- ❖ एकाइसौँ शताब्दीमा पर्यावरणको महत्त्व र प्राकृतिक सम्पदाहरूको अनावश्यक प्रयोग भएको देखेर कवि साहित्यकारहरू पनि सचेत हुन थाले र प्रकृतिप्रतिको चिन्ता उनीहरूको कवितामा देखा पर्न थालेको हो।
- ❖ नेपाली साहित्यमा प्रकृतिकेन्द्री कविताहरू सिर्जना भइरहेका छन्। त्यसका साथै परिवेश विमर्शका मान्यताहरूका आधारमा ती कविताहरूको विवेचना र मूल्याङ्कन भइरहेको छ।
- ❖ नेपाली साहित्यमा पनि परिवेश काव्यहरू सिर्जना भइरहेका छन्। नेपाली साहित्य पूर्वीय संस्कार र दर्शनका आधारमा आरम्भ भएको हुँदा यसको मूल आधार आध्यात्मिक देखिन्छ। त्यसैले प्रकृतिपरक नेपाली कविताहरूमा यसको प्रभाव देखिन्छ। नेपाली परिवेश काव्यमा भौतिक प्रकृतिको वर्णनसँगै प्रकृतिको आध्यात्मिक स्वरूपको पनि चर्चा भएको पाइन्छ।
- ❖ मूलतः उपनिषद् र पुराणहरूका मिथकलाई लिएर पनि प्रकृतिपरक नेपाली कविताहरू सिर्जना भइरहेको देखिन्छ। कतिपय कविहरूले प्रकृतिलाई नितान्त भौतिक सत्ताका रूपमा स्वीकार गरेर यसको सन्तुलित उपयोगबारे चर्चा गर्दै परिवेश कविता सिर्जना गरिरहेका छन्।
- ❖ यस शोध कार्यका निम्ति चयन गरिएका तीनजना कविहरूले ऋतु अथवा प्रकृतिलाई आआफ्नै दृष्टिकोणले हेरेका छन्। उनीहरूले आफ्ना संस्कार र अध्ययनको सीमामा रहेर कविता सिर्जना गरेका छन्।

- ❖ लेखनाथ पौड्याल पूर्णतः आध्यात्मिक संस्कारमा हुर्केका र ब्राह्मण संस्कारमा बढेका हुनाले प्रकृतिलाई हेर्ने उनको दृष्टि नीतिपरक र आध्यात्मिक छ। ऋतुहरूलाई प्रकृतिको वरदान मान्दै उनले प्रकृतिलाई आध्यात्मिक दर्शनको आधारमा वर्णन गरेका छन्।
- ❖ प्रकृति र पारिस्थितिकीमा सन्तुलन ल्याउनका लागि मानिसले परिवेश दर्शन र हरित आध्यात्मिकतामा ध्यान दिनु पर्ने कुरो उनका कवितामा पाइन्छ।
- ❖ मोहन कोइराला आध्यात्मिक र भौतिक दुवै विषयमा रुचि भएका कवि थिए। उनमा आध्यात्मिक ज्ञान जति थियो उति नै भौतिक विषयको ज्ञान पनि थियो भन्ने कुरो उनको कविता सङ्ग्रह 'ऋतु-निमन्त्रण'-बाट बुझिन्छ।
- ❖ कोइरालाले 'ऋतु-निमन्त्रण' कविता सङ्ग्रहमा गहन पारिस्थितिकी र सतही पारिस्थितिकीका विषयलाई गम्भीर रूपमा लिएका छन्। ऋतुहरूको अस्वाभाविक परिवर्तन र त्यसबाट मानव र मानवेतर जीवनमा पर्ने प्रभावबारे उनले कलात्मक रूपमा वर्णन गरेका छन्।
- ❖ प्रकृतिलाई जीवनको स्रोत र कारक मानेर प्रकृतिमा निहित जैविक शक्ति र यसको कार्यप्रणालीको सुन्दर वर्णन 'ऋतु-निमन्त्रण'-मा पाइन्छ। ग्रीक मिथकको आधार लिएर परिवेश विमर्शले गाया अनुकल्पनालाई एउटा सिद्धान्तको रूपमा ग्रहण गरेको छ। मोहन कोइरालाले पनि आफ्नो कविता सङ्ग्रहमा प्रकृतिलाई जीवनको स्रोत मानेर गाया अनुकल्पनाकै सङ्केत गरेका छन्।
- ❖ मनप्रसाद सुब्बा आधुनिक र उत्तरआधुनिक युगको परिवेशमा कविता लेख्ने कवि हुन्। नेपाली साहित्यको आधुनिक युगबाट कविता लेख्न सुरु गरेर उत्तरआधुनिक युगमा पनि कविता सिर्जना गरिरहेका छन्। त्यसैले प्रकृतिलाई हेर्ने उनको दृष्टि अधिकतः भौतिकवादी छ। त्यसमा मूलतः लोक संस्कृति र लोकधर्मका मान्यताहरूलाई आधार मानेर उनले कविता सिर्जना गरेको देखिन्छ।
- ❖ उनको 'ऋतु-क्यान्भसमा रेखाहरू' कविता सङ्ग्रहमा प्रकृति र मानवबिच जीवनका लागि गरिने सङ्घर्ष वा द्वन्द्व देखिन्छ साथै मानिसको जीवनमा ऋतुचक्रले पार्ने प्रभाव र त्यसमा प्रकृतिको मूल भूमिकाबारे चर्चा गरिएको छ। मानिसले आफ्ना दुख र सुख प्रकृतिसँग संवाद गर्दै भोग्दै जान्छ र

प्रकृतिप्रति मानिसले जस्तो व्यवहार गर्छ त्यसैको प्रतिफल स्वरूप मानिसले दुख र सुख भोग गर्दछ भन्ने विषयको चर्चा 'ऋतु-क्यान्भसमा रेखाहरू' कविता सङ्ग्रहमा पाइन्छ।

- ❖ प्रकृति आदिम युगदेखि आफ्नो धर्म र गुणमा स्थिर छ तर जब मानिसले आफ्नो संसार निर्माण गऱ्यो त्यस समयदेखि प्रकृतिमा विविध प्रकारका सङ्कटहरू आउन थालेको कुरो मनप्रसाद सुब्बाले लेखेका छन्।
- ❖ पहिले प्रकृति र त्यसपछि मानिसको सृष्टि भएको हो। त्यसैले मानिसको आन्तरिक प्रवृत्ति प्राकृतिक गुणले पूर्ण छ तर आधुनिक जीवनशैलीले उसलाई प्रकृतिको विपरीत उभ्याएको छ भन्ने विचार यस सङ्ग्रहमा देखिन्छ।
- ❖ मनप्रसाद सुब्बाले प्रकृति र नारीबिच तुलना गर्दै दुवैमा समान गुण र धर्म रहेको चर्चा पनि गरेका छन्। सांस्कृतिक पारिस्थितिकीमा मानिसले आफ्नो जीवन निर्वाह गरिरहेको हुन्छ भने सांस्कृतिक पारिस्थितिकी प्रकृतिको पारिस्थितिकीमा आधारित हुन्छ। नारीहरू प्राकृतिक धर्मसँग धेरै नजिक प्रकारले सम्बद्ध हुन्छन् र प्रकृतिलाई नजिकबाट बुझ्छन् भन्ने सुब्बाले आफ्ना कवितामा लेखेका छन्।
- ❖ ऋतुहरूको अस्वाभाविक परिवर्तन र प्रकृतिमा आइपरेको सङ्कटको पूर्ण जिम्मेवार मानिसको प्रकृति प्रतिकूल व्यवहार हो। मानिसले प्रकृतिप्रति जुन व्यवहार गर्नुपर्ने हो त्यो गरिरहेको छैन। आफ्नो आर्थिक र सैन्य शक्ति बढाउन प्रत्येक राष्ट्रले प्रयोग र अनुसन्धान गरेका उपकरण र रासायनिक पदार्थले प्रकृति आन्तरिक तहबाट नै दुर्बल र प्रदूषित बन्दै गइरहेको छ। मानिसको सुख विलासपूर्ण जीवनशैली र गरिबीको अवस्था पनि प्रकृति सङ्कटका मुख्य कारण हुन्।
- ❖ आधुनिक विज्ञानले आविष्कार गरेका विविध उपकरणहरूका प्रयोगले जीवन सरल बनेको भए तापनि यसको अत्यधिक प्रयोगले पर्यावरणमा अस्वाभाविक परिवर्तन ल्याइरहेको छ। वातानुकूलन, फ्रिज, टिभी, मोबाइल आदि उपकरणहरूले वातवरणमा उष्णता बढाउँदछ जसको फलस्वरूप पर्यावरणमा प्रदूषण बढ्दछ। त्यसका साथै उद्योगधन्दालाई सजिलो पार्न र वृद्धि गराउनका लागि आविष्कार भएका ठुला ठुला मसिनहरूले र तीबाट निस्कने धुँवाले वातावरण प्रदूषित बनाएको छ।

कलकारखानमा प्रयोग हुने रासायनिक पदार्थ मिसिएका पानीहरूले समुद्र र जमिन दुवैमा प्रदूषण बढाइरहेको छ। विद्युत् परियोजनाले नदीहरूको प्राकृतिक प्रवाहमा बाधा पुग्ने हुनाले त्यसका वरिपरिका जन-जीवन र प्राणीहरूको मूलस्थानमा ठुलो प्रभाव पारिरहेको छ।

- ❖ गरिबी अवस्थामा जीवन बाँच्नेहरू प्रायः अशिक्षित र पारम्परिक नीति नियमलाई कठोरताका साथ मान्ने हुन्छन् भने कति परिस्थितिले थिचिएका हुन्छन्। गाउँ-घरमा सफा बस्नुपर्छ भन्ने मूलभूत ज्ञान नहुनाले अन्जानमा नै प्रदूषण फैलिहेको हुन्छ। दिसा-पिसाब खुल्ला ठाउँमा गर्नु हुँदैन, मैला-कुचैला जताभावी फ्याँक्नु हुँदैन आदि व्यावहारिक ज्ञानप्रति सचेत नहुनाले उनीहरूद्वारा पनि पर्यावरण प्रदूषित भइरहेको हुन्छ।

- ❖ वन-जङ्गलमा रुख कटाइ, सिकार र तस्करी, सुन, कोइला, बालुवा आदिको खननले पनि प्रकृतिमा सङ्कट ल्याएको देखिन्छ। विश्वमा बढ्दो प्रदूषणका मुख्य कारणहरूमा अहिले वाहनहरूको बढ्दो सङ्ख्या, परमाणु बम र अन्य अस्त्रहरूको परीक्षण, खेतीका लागि प्रयोग गरिने रासायनिक मल र कीट नाशक औषधि प्रमुख छन्।

- ❖ संसारका जुनै पनि धर्मले प्रकृतिको सुरक्षा गर्नु भन्ने सन्देश दिएको छ यद्यपि कतिपय धार्मिक कारणहरू पनि पर्यावरण प्रदूषणका कारण बनेका छन्। पूजा, यज्ञ अनुष्ठान सकेर विसर्जन गरिने सामग्रीहरू कुनै नदी, खोला आदिमा फ्याँक्ने गरिन्छ। यसले समुद्रमा ठुलो प्रभाव पार्दछ। यसले समुद्री जीवहरू पनि धेरै प्रभावित हुन्छन्। ती सामग्रीहरूले सबैलाई प्रदूषित पारिरहेको हुन्छ।

- ❖ प्रकृतिलाई सङ्कटको सँघारमा पुऱ्याउनामा विज्ञान र प्रविधि मुख्य छन्। मानिसले आफ्नो नैतिक ज्ञानका आधारमा प्रकृतिको सुरक्षा गर्नु पर्छ।

'नेपाली ऋतु काव्यहरूको परिवेशपरक अध्ययन' विषयमा गरिएको यस शोध कार्यले प्रकृतिमा आएको सङ्कटलाई कति र कुन सीमासम्म साहित्यले सहयोग गर्न सक्छ भन्ने विषयमा जोड दिएको छ। विज्ञान र पर्यावरणवादजस्ता ज्ञानानुशासन प्रकृतिको सङ्कटप्रति चिन्तित हुँदा साहित्य पनि प्रकृतिको सङ्कटप्रति सचेत हुनु पर्छ भन्ने धराणा नब्बेको दशकदेखि विकसित भएको हो। सैद्धान्तिक रूपमा नब्बेको दशकदेखि

प्रकृति र साहित्यबिचको अध्ययन सुरु भए तापनि सृजन क्षेत्रमा कविहरूले यसभन्दा पहिलेदेखि नै यी कुराहरू उठाएका थिए जसको चर्चा उपर्युक्त अध्यायहरूमा गरिएको छ।

नेपाली कविहरूले आफ्ना ज्ञान र संस्कारका आधारमा प्रकृतिपरक कविताहरू सिर्जना गरिरहेका छन्। त्यसका साथै साहित्यद्वारा मानिसको चेतनाको शुद्धीकरण सम्भव छ भन्ने दर्शनमा कविहरू विश्वस्त देखिन्छन्। यस शोध कार्यमा पाश्चात्य जगत्का अध्येताहरूले साहित्यमा ल्याएको परिवेश विमर्शका मान्यताहरूलाई आधार गरिए तापनि पूर्वीय दर्शनमा रहेका प्रकृतिपरक ज्ञानलाई विशेष आधार बनाइएको छ। वेद्, उपनिषद् र पुराण सँगसँगै, कुरान, धम्मपद आदि धर्मग्रन्थहरूमा रहेका प्रकृतिपरक ज्ञानबाट पनि सैद्धान्तिक आधार ग्रहण गरी नेपाली कविताहरूको परिवेशपरक विश्लेषण र अध्ययन गरिएको छ। अतः पूर्वीय र पाश्चात्य दर्शन र परिवेश विमर्शका मान्यताहरूका आधारमा अध्ययन गरिएका यी तीनवटा काव्य परिवेश काव्य हुन् भन्ने यस शोध कार्यले देखाएको छ।

## ६.३ भावी अध्ययनका निम्ति सम्भाव्य अनुसन्धानका विषयहरू

यस शोध कार्यमा लेखनाथ पौड्यालको 'ऋतुविचार', मोहन कोइरालाको 'ऋतु-निमन्त्रण' र मनप्रसाद सुब्बाको 'ऋतु-क्यान्भसमा रेखाहरू' कविता सङ्ग्रहलाई लिएर मात्र परिवेशपरक अध्ययन गरिएको छ। नेपाली साहित्यमा प्रकृति विषयका अथवा प्रकृति चिन्तनका धेरै कविताहरू सिर्जना भएका छन्। कविता सँगसँगै गद्य पनि लेखिएका छन् जसलाई लिएर अध्ययन गर्न सकिन्छ। परिवेश विमर्श साहित्यमा आएको नवीन विषय भए तापनि यसको क्षेत्र ठुलो क्षेत्र छ। यसमा रहेका मान्यताहरूमध्ये कुनै एउटालाई मात्र लिएर पनि अध्ययन गर्न सकिन्छ। यो कुरा निम्नलिखित शीर्षकहरूद्वारा सङ्केत गरिएको छ-

१. नेपाली कवितामा प्रकृति चिन्तन

२. परिवेश विमर्शका आधारमा नेपाली फुटकर कविताहरूको अध्ययन

३. नेपाली कविता र गहन पारिस्थितिकी

४. नेपाली कविता र पर्यावरण-नारीवाद

५. नेपाली कवितामा हरित आध्यात्मिकता

६. परिवेश धर्मविज्ञान र नेपाली कविता

७. नेपाली कवितामा परिवेश दर्शन

८. परिवेश भाषा विज्ञान र नेपाली कविता

९. नेपाली कवितामा सांस्कृतिक पारिस्थितिकी